( सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको )

# स्वतः प्रकाशन

# (Proactive Disclosure)

२०८१ कार्तिक १ देखि २०८१ चैत मसान्त सम्म

जिल्ला समन्वय समितिको कार्यालय,

मकवानपुर

## १. जिल्ला समन्वय समितिको कार्यालयको स्वरूप र प्रकृतिः

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने कार्यालय हो । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरूले निर्वाचित गरेका ६ देखि ९ जनाको सङ्ख्यामा पदाधिकारी रहने संवैधानिक व्यवस्था छ । जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुखहरू तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरू जिल्ला सभाका सदस्यहरू रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति मकवानपुरमा १ जना प्रमुख, १ जना उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना निर्वाचित पदाधिकारी रहनुभएको छ ।

संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरूको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि नेपाल प्रशासन सेवाका रा.प. द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारीको नेतृत्वमा संघीय सरकारका निजामती सेवाका तथा करारका कर्मचारीहरू कार्यरत रहेका छन् । नेपालको संविधान २०७२ को धारा २२० (७) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी जिल्ला समन्वय समितिले आफ्नो कार्य सञ्चालन गर्ने व्यवस्था छ ।

## २. जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरको काम, कर्तव्य र अधिकार :

### २.१ संविधानद्वारा प्रदत्त:

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका एव नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

### २.२ स्थानीय सरकार सञ्चालन ऐनद्वारा प्रदत्त :


- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलत कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,
- जिल्लामा रहने संघीय वा प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानको लागि समन्वय र सहजीकरण गर्ने,

जिल्ला समन्वय अधिकारी

- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीका सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षा कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव दिने।

## ३. जिल्ला समन्वय समितिको कार्यालयको स्वीकृत दरवन्दी विवरण तथा शाखागत कार्य विवरण :

### ३.१ संगठन संरचनाः




जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

३.२ दरवन्दी विवरणः

| सि.नं. | पद | दरवन्दी संख्या | पदपूर्ती | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी (रा.प. द्वितीय/प्रशासन/सामान्य प्रशासन) | १ | १ | |
| २ | शाखा अधिकृत (रा.प. तृतिय/प्रशासन/सामान्य प्रशासन) | १ | १ | |
| ३ | इन्जिनियर (रा.प. तृतिय/प्रशासन/सामान्य प्रशासन) | १ | १ | |
| ४ | नायव सुब्बा (रा.प. अनं. प्रथम/प्रशासन/सामान्य प्रशासन) | १ | १ | |
| ५ | लेखापाल (रा.प. अनं. प्रथम/प्रशासन/लेखा) | १ | १ | |
| ६ | सब इन्जिनियर (रा.प. अनं. प्रथम/इन्जिनियरिङ्ग/सिभिल/जनरल) | १ | १ | |
| ७ | खरिदार (रा.प. अनं. द्वितिय/प्रशासन/सामान्य प्रशासन) | १ | १ | |
| ८ | स्वकीय सचिव (रा.प. अनं. प्रथम सरह/करार) | १ | १ | |
| ९ | हलुका सवारी चालक (श्रेणी विहिन) | २ | २ | |
| १० | कार्यालय सहयोगी (श्रेणी विहिन) | ३ | ३ | |
| | जम्मा | १३ | १३ | |

३.३ पदाधिकारीः

| क.स. | नाम,थर | पद | मोबाईल नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ललित बहादुर घलान | प्रमुख | ९८५५०७०८९९ | |
| २ | श्री सानुकाजी लुइटेल | उपप्रमुख | ९८५५०६७६२२ | |
| ३ | श्री खड्क बहादुर पुलामी | सदस्य | ९८४५३०३८२० | |
| ४ | श्री सुवर्ण गोपाली | सदस्य | ९८४७२९९४२० | |
| ५ | श्री तारा ढुंगाना | सदस्य | ९८४५१०५८७९ | |
| ६ | श्री विरेन्द्र कुमार लामा | सदस्य | ९८५५०७७१९८/९८४५०७७१९८ | |
| ७ | श्री सुनिता परियार | सदस्य | ९८०४२६५३१७ | |
| ८ | श्री विष्णु माया थपलिया | सदस्य | ९८५५०७०९७७ | |
| ९ | श्री सुमित्रा थिङ | सदस्य | ९८४५७८१७३४ | |

जिल्ला समन्वय अधिकारी

३.४ कर्मचारी:

| क्र.स. | नाम,थर | पद | मोबाईल नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शान्ती वि.क. | जिल्ला समन्वय अधिकारी | ९८५५०११२२२ | |
| २ | श्री इन्दिरा पौडेल | शाखा अधिकृत | ९८४५६१४०७९ | |
| ३ | श्री रोशन बहादुर श्रेष्ठ | इन्जिनियर | ९८४९८५७०३० | |
| ४ | श्री भीमप्रसाद शर्मा | नयव सुब्बा | ९८४५२९९७७७ | |
| ५ | श्री सुस्मा के.सी. | लेखापाल | ९८५५०६९८३२ | |
| ६ | श्री पुजा यादव | सब इन्जिनियर | ९८१०१९८२६३ | |
| ७ | श्री रामचन्द्र नेपाल | स्वकिय सचिव | ९८५५०४९४५५ | |
| ८ | श्री अमृता खनाल | खरिदार | ९८४५६२१२५० | |
| ९ | श्री श्याम बहादुर दोङ | ह.स.चा. | ९८४५६८८२०२ | |
| १० | श्री युक्त बहादुर स्याङतान | का.स. | ९८४५३०२५७४ | |
| ११ | श्री सोममाया स्याङतान | का.स. | ९८४५४९००३१ | |
| १२ | श्री काजल गोतामे | का.स. | ९७४१६८३९०९ | |

३.५ शाखागत विवरण:

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | शाखा अधिकृत इन्दिरा पौडेल | ९८५५०२७९५० |
| २ | अनुगमन तथा मूल्यांकन | इन्जिनियर रोशन बहादुर श्रेष्ठ | ९८४९८५७०३० |
| ३ | आर्थिक प्रशासन | लेखापाल सुस्मा के.सि. लामिछाने | ९८५५०६९८३२ |
| ४ | नीजि सचिवालय | स्वकीय सचिव रामचन्द्र नेपाल | ९८५५०४९४५५ |

## ४. जिल्ला समन्वय समितिको कार्यालयवाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि :

| सि.नं. | सेवा | प्रक्रिया | लाग्ने शुल्क | लाग्ने समयावधि | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | चिठिपत्र, निवेदन , उजुरी आदि दर्ता | कागजात दर्ता चलानी फाँटमा बुझाउनु पर्ने | निशुल्क | सोही दिन | प्रशासन शाखा, दर्ता चलानी फाँट | |
| २ | सूचना टाँस | सम्वन्धित कार्यालयले | निशुल्क | ३ दिन भित्र | प्रशासन | |

जिल्ला समन्वय अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सूचना टाँस गरिदिन अनुरोध गरी पत्र लेख्नुपर्ने | | | | |
| ३ | धरौटी फिर्ता | निर्धारित समय पुरा भएको हुनुपर्ने धरौटी फिर्ताको निवेदन दिनु पर्ने कर चुक्ता, मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नु पर्ने । | निशुल्क | ५ दिन भित्र | आर्थिक प्रशासन शाखा, | |
| ४ | सूचना लिने | माग गरिएको सूचनाको स्पष्ट विवरण र सूचना माग गर्नुको स्पष्ट कारण सहित निवेदन पेश गर्नु पर्ने | सूचनाको हक सम्न्धी ऐन एवं नियम अनुसार | १५ दिन भित्र | सूचना अधिकारी | |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

क) निर्णय गर्ने प्रक्रिया : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवम् सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम

ख) निर्णय गर्ने अधिकारीः

- नियमित र प्रशासनिक कामहरू कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत प्रकृतिका निर्णयहरू जिल्ला समन्वय समितिबाट हुने ।

ग) निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रचलित कानून बमोजिम

## ६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र सम्पर्क नम्बर :-

<u>कार्यालय प्रमुख :</u>

नाम : शान्ती बि.क.
पद : जिल्ला समन्वय अधिकारी
सम्पर्क नम्बर ९८५५०११२२२

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

<u>सूचना अधिकारी :</u>

नाम इन्दिरा पौडेल

पद : शाखा अधिकृत

सम्पर्क नम्बर ९८५५०२७९५०

७. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण (२०८१ कात्तिक १ देखि देखि चैत्र मसान्त सम्म) :

- बालमैत्री स्थानीय शासन जिल्ला अनुगमन समितिबाट हेटौंडा उपमहानगरपालिकाका विभिन्न वडाहरुमा अनुगमन गरी बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि सहमति प्रदान गरिएको।
- मनहरी र बकैया गाउँपालिकामा शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- बागमती र भिमफेदी गाउँपालिकामा सामाजिक कुरीतिविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- लैंगिक हिंसा विरुद्ध सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- अन्तराष्ट्रिय महिला दिवसका अवसरमा हेटौंडा उपमहानगरपालिका र विभिन्न गैरसरकारी संघ संस्थाको समन्वयमा श्रमिक महिलाहरुलाई सचेतनामूलक कार्यक्रम गरिएको।
- सिविन नेपाल बाल हेल्पलाइनसँग सहकार्य गरी जिल्ला स्थित सम्पूर्ण स्थानीय तहको सहभागितमा बाल संरक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको।
- जिल्लास्तरका विभिन्न प्रादेशिक कार्यालयको आयोजना अनुगमन गरिएको।
- जिल्ला अनुगमन समितिबाट मकवानपुरगढी गाउँपालिका र कैलाश गाउँपालिकामा ठेक्का व्यवस्थाबाट भएको नदीजन्य पदार्थको उत्खनन् तथा संकलन सम्बन्धी कार्यको अनुगमन गरिएको।
- स्थानीय तहसँगको साझेदारीमा मौज्दात कोषबाट सञ्चालन गरिने योजना अन्तर्गत मनहरी र बकैया गाउँपालिकासँग सम्झौता गरी कार्य अगाडि बढाइएको।
- स्थानीय तहसँग सम्बन्धित ढुंगा, गिट्टी, बालुवा सम्बन्धी IEE स्वीकृतिका लागि आवश्यक कार्य तथा सहजीकरण गरिएको। यस अवधिमा हेटौंडा उपमहानगरपालिका, भिमफेदी गाउँपालिका र थाहा नगरपालिकाको IEE स्वीकृत गरीएको छ भने बकैया गाउँपालिका र मनहरी गाउँपालिकाको TOR स्वीकृत गरिएको छ ।
- जिल्ला स्थित स्थानीय तहहरुसँग निरन्तर रुपमा समन्वय गरिएको। यस अवधिमा स्थानीय तहहरुसँग समन्वय बैठक १ पटक बसेको।
- जिल्ला स्थित संघीय तथा प्रादेशिक कार्यालय र १० वटै स्थानीय तहहरुको सहभागितामा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको।
- विभिन्न सामाजिक संघ संस्था तथा गैरसरकारी संघ संस्थासँग विभिन्न क्रियाकलाप तथा कार्यक्रममा समन्वय गरिएको। यस अवधिमा गैरसरकारी संघ संस्थाहरुसँग १ पटक समन्वय बैठक बसेको र २ पटक जिल्ला परियोजना सल्लाहकार समितिको बैठक संचालन भएको छ ।
- जिल्ला समन्वय समितिको बोर्ड बैठक १० पटक बसेको।
- नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको बैठक ३ पटक बसेको।
- स्टाफ बैठक नियमित रुपमा बस्ने गरिएको, यस अवधिमा ३ पटक बसेको।

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

८. आर्थिक विवरण सम्बन्धी अद्यावधिक विवरण:

<u>संघीय सरकारबाट प्राप्त बजेटतर्फ :</u>

| क.स | खर्च संकेत नं | खर्च विवरण | स्रोत | कुल बजेट | २०८१ चैत्रसम्मको निकासा | २०८१ चैत्र मसान्तसम्मको खर्च | बजेट बाकी | बै य |
|---|---|---|---|---|---|---|---|---|
| १. | 1.3.5.5 | पारिश्रमिक- स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि. स. स. पदाधिकारीको सुविधा | नेपाल सरकार | १,०४,२८०००\|०० | ७२,४०,१२१।७२ | ७२,४०,१२१।७२ | ३१,८७,८७८।२८ | |
| २. | 1.3.5.6 | नीजि सचिवालय करार कर्मचारी १ जना | | ४,४८,०००\|०० | ३,५७,३००\|०० | ३,५७,३००\|०० | ९०,७००\|०० | |
| ३. | 1.3.5.7 | पानी तथा बिजुली संचार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च | | ३०,०७,०००\|०० | १५,१६,९३६\|०० | १५,१६,९३६\|०० | १४,९०,०६४\|०० | |
| ४. | 5.1.4.1 | कार्यक्रम खर्च- समिक्षा बैठक सहित | | ३,८८,०००\|०० | ३,१८,८९८\|०० | ३,१८,८९८\|०० | ६९,१०२\|०० | |
| ५. | 5.1.4.2 | अनुगमन तथा भ्रमण खर्च | | ७,७६,०००\|०० | ३,५०,३२०\|०० | ३,५०,३२०\|०० | ४,२५,६८०\|०० | |
| | | | जम्मा | १,५०,४७,०००\|०० | ९७,८३,५७५\|७२ | ३२,२७,९६३\|५२ | ५२,६३,४२४\|२८ | |

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

**बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तर्फ :**

| सि.नं. | कार्यक्रम | कुल बजेट | २०८१ चैत्रसम्मको निकासा | २०८१ चैत्रसम्मको खर्च | बजेट बाकी | कै त |
|---|---|---|---|---|---|---|
| १ | **कार्यालय सञ्चालन** | | | | | |
| २.२.१.७ | इन्धन पदाधिकारी | २,५०,००० | २,२२,८३९।९८ | २,२२,८३९।९८ | २७,१६०।०२ | |
| २.२.२.१७ | ईन्धन कार्यालय प्रयोजन | ३,५०,००० | २,५७,८५१।० | २,५७,८५१।० | ९२,,१४९।० | |
| २.३.१.४ | सवारी साधन मर्मत | ४,००,००० | ३,७०,५५०।० | ३,७०,५५०।० | २९,४५०।० | |
| २.४.१.२ | मसलन्द र कार्यालय सामाग्री | ३,००,००० | १३,५००।० | १३,५००।० | २,८६,५००।० | |
| २.४.१२.५ | पत्रपत्रिका तथा सूचना प्रकाशन प्रसारण | २,००,००० | ३०,६८०।० | ३०,६८०।० | १,६९,३२०।० | |
| २.३.२.१० | मेशीनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च | ५०,००० | ० | ० | ५०,०००।०० | |
| २ | **कार्यक्रम खर्च** | | | | | |
| २.९.९.४ | विविध खर्च | ३,००,००० | १,८७,१९८।० | १,८७,१९८।० | १,१२,८०२।० | |
| २.७.७.४ | स्थानीय तहमा दहत्तरबहत्तरको संकलन तथा व्यवस्थापन सम्बन्धी अध्ययन तथा प्रतिवेदन | ४,००,००० | ० | ० | ४,००,०००।०० | |
| २.७.३४.६६ | प्रदेश तथा स्थानीय तह योजना छनौट सम्बन्धी अन्तरकिया कार्यकम | २,००,००० | ० | ० | २,००,००० | |
| २.७.३४.१९ | स्थानीय तहको बेरुजु सम्परीक्षण तथा फछ्यौट सम्बन्धी अध्ययन | २,००,००० | ० | ० | २,००,००० | |
| २.७.३४.६७ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरकिया कार्यकम | २,००,००० | १,९७,२००।० | १,९७,२००।० | २,८००।० | |
| २.८.७.५ | प्रदेश तथा स्थानीय निकायबाट संचालित कार्यकम आयोजना सेवा प्रवाहको अनुगमन तथा निरीक्षण | ६,००,००० | १,६८,८५०।० | १,६८,८५०।० | ४,३१,१५०।० | |
| २.७.३४.७२ | पर्यटन प्रवर्द्धन तथा स्थानीय संस्कृति संरक्षण संवर्द्धन कार्यकम | २,००,००० | ० | ० | २,००,००० | |
| २.७.२५.४६३ | प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन प्रतिवेदन | १,००,००० | ० | ० | १,००,००० | |
| २.४.१२.२ | पुस्तक तथा प्रतिवेदन छपाई | २,००,००० | ० | ० | २,००,००० | |
| २.७.३४.७० | जिसस तथा स्थानीय तहका कर्मचारी तथा पदाधिकारीहरुलाई पुनर्ताजगी कार्यकम | ३,५०,००० | ० | ० | ३,५०,००० | |
| २.७.३४.५७ | ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपांग, दलित लगायतका सिमान्तकृत तथा अल्पसंख्यक व्यक्तिहरुको हकहित तथा सामाजिक सुरक्षाका सम्बन्धमा अन्तरकिया | २,००,००० | ० | ० | २,००,००० | |

जिल्ला समन्वय अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| २.७.३४.७५ | लैगिंक हिंसा विरुद्धको दिवस, बालदिवस, मजदुर दिवस नारी दिवस लगायतका विभिन्न राष्ट्रिय तथा अन्य विविध दिवसीय कार्यकम | २,००,०००।० | १,६४,०००।० | १,६४,०००।० | ३६,०००।० | |
| २.७.२५.५५८ | डिजिटल बोर्ड निर्माण | १,००,०००।० | ० | ० | १,००,०००।० | |
| २.७.३४.७३ | सामाजिक कुरीतिहरु विरुद्ध जनचेतना कार्यकम | ३,००,००० | २,५०,०००।० | २,५०,०००।० | ५०,०००।० | |
| २.७.३४.७१ | कृषि क्षेत्रमा उत्पादन वृद्धि तथा बजार व्यवस्थापन सम्बन्धी कार्यकम | ३,००,००० | ० | ० | ३,००,००० | |
| २.७.३४.६९ | प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तहहरुसँग वार्षिक तथा त्रैमासिक समिक्षा | ३,००,००० | २,८७,५७५।० | २,८७,५७५।० | १२,४२५।० | |
| २.७.३४.६८ | विपद् व्यवस्थापन तथा न्युनीकरण तथा वातावरण संरक्षण सम्बन्धी अन्तरकिया तथा अनुगमन | ३,००,००० | ० | ० | ३,००,००० | |
| जम्मा: | | ६०,००,०००।०० | २१,५०,२४३।९८ | २१,५०,२४३।९८ | ३८,४९,७५६।०२ | |

९. कार्यालयको सम्पर्क :

ठेगाना : जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर, हेटौडा उपमहानगरपालिका, वडा नं २

वेभसाइट : www.dccmakwanpur.gov.np

इ-मेलः dccmak74@gmail.com

फोन नं. ०५७-५२०९५०